# म्याग्दे गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः४ संख्याः८ प्रकाशन मितिः

## भाग-२

## उपाध्यक्षसंग लक्षित कार्यक्रम सञ्चालन कार्यविधि-२०७८

प्रमाणिकरण मितिः२०७८/०८/२०

# उपाध्यक्ष संग लक्षीत  कार्यक्रम संचालन कार्यविधि- २०७८

अध्यक्षवाट प्रमाणित मिति : २०७८।०८।२०

. **प्रस्तावनाः**

स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार अर्न्तगत पारित उपाध्यक्ष संग लक्षित कार्यक्रम (कार्यकम तथा ब्यबसाय) संचालन कार्यविधि २०७८ म्याग्दे गाउ कार्यपालीका ले स्वीकृत गरी जारी गरिएको छ । लक्षित

## परिच्छेद-१

## प्रारम्भि

१. संक्षिप्त नाम र प्रारम्भ : १) यस कार्यविधिको नाम म्याग्दे गाउँपालिकाको उपाध्यक्ष संग लक्षित कार्यक्रम ( कार्यकम तथा ब्यबसाय ) संचालन कार्यविधि २०७८ रहेको छ ।

२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) “संविधान ” भन्नाले नेपालको संविधान सम्झनु पर्दछ ।

(ख) “गाउँपालिका” म्याग्दे गाउँपालिका सम्झनु पर्दछ ।

(ग) “उपाध्यक्ष” भन्नाले म्याग्दे गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

(घ) “प्रमुख प्रशासकिय अधिकृत” भन्नाले स्थानिय सरकार सञ्चालन ऐनको दफा ८४ वमोजिम म्याग्दे गाउपालीका को प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्दछ ।

(ङ) “कार्यपालिका” भन्नाले गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

(च) “गाउँ सभा” भन्नाले संविधानको धारा २२२ को उपधारा (१) वमोजिम गाउँसभा सम्झनु पर्छ ।

(छ) “योजना” भन्नाले आयोजना तथा कार्यक्रम समेतलाई जनाउँछ ।

(ज) “वडा” भन्नाले गाउँपालिकाका सवै वडा सम्झनु पर्छ ।

(झ) “वडा अध्यक्ष” भन्नाले  सवै वडाको अध्यक्ष सम्झनु पर्छ ।

(ञ) “सदस्य” भन्नाले गाउँपालिकाको वडा सदस्य सम्झनु पर्दछ ।

(ट) “वडा समिति” भन्नाले गाउँपालिकाको वडा समिति सम्झनु पर्दछ ।

(ठ) “सरकारी संस्था” भन्नाले गाउँपालिका, वडा कार्यालय, स्थानिय स्तरका विषयगत कार्यालय, विद्यालय आदीलाई जनाउदछ ।

(ड)“गै.स.स” भन्नाले समाज कल्याण ऐन अर्न्तगत दर्ता भएका गै.स.स., आमा समुह, युवा क्लव, उपभोक्ता समिति, सहकारी संस्था, कृषि, पशु लगाएतका विभिन्न व्यवसायिक संस्था आदी लाई जनाउदछ ।

(ढ) अनुसुचि भन्नाले तोकीएका ६ वटा अनुसुचि लाई जनाउछ ।

(ण) मुल्याङ्कन समिति तथा मापदण्ड भन्नाले तोकीएको मुल्याङ्कन समिति तथा मापदण्ड लाई जनाउछ ।

(त) कार्यक्रम तथा ब्यबसाय भन्नाले दफा ३ र ४ अर्न्तगत का सवै कार्यक्रम र ब्यवसाय लाई जनाउने छ

**३. उपाध्यक्ष संग लक्षित कार्यक्रम भन्नाले :** गाउसभाको नीति भित्र रही उपाध्यक्ष ले उचित ठहर्‍याएको तथा उपाध्यक्ष मार्फत तोक आदेश भए अनुसार गाउँपालिका र वडा स्तरमा संचालन हुने तपशिलका सवै लक्षित कार्यक्रमलाई जनाउछ **।**

३.१ शैक्षिक तथा खेलकुद कार्यक्रम तर्फ : टोलसुधार, युवाक्लव, विद्यालय अन्य सामाजीक क्लव, वालक्लव तथा समुह समुदाय मार्फत हुने खेलकुद, मनोरञ्जन, अर्न्तकृर्या छलफल, सरसफाई तथा फोहोरमैला ब्यबस्थापन, मा दिईने आर्थिक साहायता जिन्सी तथा अन्य गतीविधिका खर्चहरु

३.२ क्षमता विकास कार्यक्रम तर्फ :विभिन्न लक्षित समुदायको लागी दिईने तालिम, प्रशिक्षण अवलोकन भ्रमण, शिप विकास, कार्यक्रमहरु

३.३ रोजगार मुलक कार्यक्रम तर्फ : विदेश वाट फर्केका तथा नेपालमै केही गर्न चाहाने बेरोजगार युवा लाई लक्षित गरी रोजगार मुलक तालिम, सिप, लगानी तथा ब्यबसाय साझेदारी सहयोग, कार्यक्रम जुन सामुहीक तथा ब्यक्तीगत दुवै हुनेछ ।

३.४. शान्ती र हिंसा विरुद्ध कार्यक्रम तर्फ : मेलमिलाप, मध्येस्थकर्ता र अन्य शान्ती सद्‌भाव कार्य, घरेलु हिंसा र यौन जन्य हिंसा नियन्त्रण तथा सो को लागी दिईने आर्थिक साहायता प्रशिक्षण लगाएतका कार्यक्रमहरु

३.५. राहत पुर्नस्थापन कार्यक्रम तर्फ : अभिभावक विहिन वालवालिका तथा हिंसा पिडीत, गरीव, विपन्न, कडा रोगी वेसाहारा,सुकुम्वासी, मानसीक रोगी, अपाङ्ग आदी लाई दिईने खाधान्न, पोषण जन्य उपभोग सामाग्री, तथा सो कार्यको लागी आर्थिक साहायताहरु

३.६. चेतनामुलक कार्यक्रम तर्फ : मनोविमर्श, कानुनि, नीतिगत, स्पष्टता, चेतना, जानकारी सुचना ।

३.७. अभियान मुलक कार्यक्रम तर्फ : युवा दिवस, वाल दिवस, अपाङ्ग, जेष्ठ नागरीक, वाल हिंसा विरुद्धका अन्य दिवसहरु,

३.८.विदुर तथा एकल पुरुष कार्यक्रम तर्फ : ६० वर्ष माथीका विदुर तथा एकल पुरुष जुन आर्थिक सामाजीक रुपले पछाडी परेका राज्य वाट सुविधा नपाएका छन् सो वर्ग लाई मासीक ५००।० का दरले दिने सामाजीक सुरक्षा विदुर भत्ता आदी रहेका छन् जस को भुक्तानी वडा ले किटानी गरी सिफारीस गरेको आधारमा वैंक खाता मार्फत हुनेछ ।

३.९.गै.स.स. साझेदारी कार्यक्रम तर्फ : गै.स.स. संग सम्झौता भई विभिन्न लक्षित कार्यक्रम मा गरीने साझेदारी सहयोग सहकार्य आदी ।

३.१०, सास्कृर्तिक कार्यक्रम तर्फ :– सास्कृर्तिक गाउघोषणा, स्थानिय सस्कृर्ति संरक्षण, प्रर्वर्द्धन, भेषभुषा वाजा खरीद वितरण ब्यबस्थापन ,

३.११, अन्य पुर्वाधार कार्यक्रम तर्फ :– लक्षित समुहको माग अनुसार सोही हित केन्द्रीत खेलमैदान निर्माण, गरीव तथा दलीत घर जस्तापाता खरीद अनुदान तथा वितरण , साना तिना मर्मत जन्य पुर्वाधार कार्यहरु खानेपानी पायप वितरण, पुर्वाधार जन्य सामाग्री वितरण आदी ।

३.१२, स्वास्थ्य जन्य सामाग्री वितरण कार्यक्रम तर्फ :– गरीव तथा अति विपन्न र दिर्घ रोगी लाई दिईने अत्यावश्यक स्वास्थ्य सामाग्री खरीद तथा वितरण

३.१३ सञ्चार जन्य कार्यक्रमहरु :– सञ्चार कर्मि सञ्चार सस्था लाई विकाश र लक्षित कार्यक्रम मा गरेको प्रचार प्रसार सहयोग तथा नियमीत गतीविधि प्रकाशन वापत दिईने सहयोग तथा आर्थिक साहायता तथा प्रविधि हस्तान्तरण कार्यक्रमहरु

**४. उपाध्यक्ष संग सवै लक्षित कार्यक्रम भित्र दफा ३ अर्न्तगत संचालन हुने उप कार्यक्रम भन्नाले तपशिलका कार्यक्रम समेत लाई जनाउदछ :**

४.१ तालिम, चेतनामुलक कार्यक्रम एकल पुरुष तर्फका कार्यक्रमहरु

४.२ पुँजिगत निर्माण कार्य तोकिएका पुँजिगत तर्फका कार्यक्रमहरु

४.३ चालु कार्यक्रम प्रसासनिक वैठक भत्ता, छपाई, अनुगमन तर्फ हुने कुल १ लाख सम्म का खर्चहरु तोकीएको मापदण्ड अनुसार हुने छ ।

४.४ पुरुष वृद्ध जेष्ठ हितका छुट्टै कार्यक्रमहरु

४.५ गरिव, असाहाय, दलित, अपाङ्ग छुटै कार्यक्रमहरु

४.६ पुरुष तर्फका शशक्तिकरण कार्यक्रमहरु

४.७ सहयोग सम्मान पुरस्कार राहात मुलक कार्यक्रम हरु

४.८ विभिन्न एकल विदुर पुरुष वालमञ्च लगाएतका समुह गठन परिचालन, व्यवस्थापन

४.९ पुरुष द्धारा सञचालीत आयआर्जन कार्यक्रम कृषि, पशु, होमस्टे

४.१० विद्यालय, कलेज स्तरीय युवा, लक्षित कार्यक्रमहरु

४.११ गरीव तथा कमजोर लाई दिईने  न्यायिक सहयोग कार्यक्रम

४.१२ विपन्न वालक शैक्षिक सामाग्री कार्यक्रमहरु

४.१३ गै.स.स. संग गर्ने गरी तोकिएका सम्फौता अनुसारका पुरुष विपन्न कार्यक्रमहरु

४.१४ अन्य  कार्यलयका  निर्णय अनुसारका कार्यक्रमहरु

**५ कार्यक्रम मुल्याङ्कन समिति तथा आधारहरु :–** यस कार्यक्रम को आवेदन मुल्याङ्कन गर्ने गरी शिक्षा शाखा प्रमुख को नेतृत्वमा प्रशासन, लेखा अधिकृत छैटौ, प्राविधिक सहित ४ जना को मुल्याङ्कन समिति रहने छ। भने मुल्याङ्कन को आधार तथा मापदण्ड अनुसुची ५ अनुसार हुने छ।

**६. विशेष व्यवस्था :** यस कार्यविधिले व्यवस्था गरेको विषय कार्यन्वयन गर्नु वडा र गाउँपालिका सवैको कर्तव्य हुनेछ। यो व्यवस्था प्रतिकुल हुने गरी कार्यक्रम सञ्चालन गर्न पाईने छैन।

**७, कार्यन्वयन प्रकृर्या** :– दफा ३ को ३.८, र ३.११ को हकमा वाहेक अरु सवै प्रकाशित सुचना  अनुसार छुट्टै दर्ता कितावमा दर्ता भएका निवेदन तथा पहिचान भएका लक्षित सग मुल्याङ्कन समिति ले गरेको मुल्याङ्कन भार अनुसार सोफै सम्फौता गरी उपाध्यक्ष को तोक आदेश अनुसार यस कार्यविधि मा भएका कार्यक्रम अनुसार को प्रकृर्या पुरागरी कार्यन्वयन गरीने छ  साथै वजेट को अवस्था  र आवश्यक्ता अनुसार सवै तथा केही कार्यक्रम मात्र  गर्न लाई वाधा पुग्ने छैन।

**८, भुक्तानी प्रकृर्या सम्बन्धमा** :– ब्यक्तीगत तथा समुहगत कार्यक्रम तर्फ रु २५ हजार सम्म को हकमा सोफै  चेक (नगद) भुक्तानी गर्न सकिने साथै सो भन्दा वढी तथा संघ सस्थाको हकमा वैंक खाता नै खोली भुक्तानी गरीने छ।

**९, फोकल पर्सन सम्बन्धमा :–** कार्यक्रम को फोकल पर्सन प्रमुख प्रशासकिय अधिकृत ले तोकेको कर्मचारी रहने छ।

**१०, समन्वय समिति सम्बन्धमा** :–यो कार्यक्रम अरु कुनै कार्यक्रम सग ब्यक्ती तथा समुह सोही उद्धेश्य र कार्यक्रम मा दोहोरीन नदीनको लागी गाउपालीका अध्यक्ष , उपाध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत सहित फोकल पर्सन रहने गरी १ समन्वय समिति रहने छ।

**११, कार्यविधि लागु :** १) यो कार्यविधि राजपत्रमा प्रकाशन भएको मिति देखी लागु हुनेछ  ।

**१२, कार्यविधिमा परिर्माजन तथा शंशोधन :** यस कार्यविधिको कार्यन्वयन मा कुनै समास्या देखियमा गाउँ कार्यपालिकाले आवश्यकता अनुसार परिमार्जन शंशोधन गर्न सक्नेछ।

**१३, खारेजी :** यस कार्यविधिका कुनै दफा, उपदफा, लगाएत सवै खण्ड वा आंशिक खण्ड कुनै विषय प्रदेश कानुन र संघिय कानुन र अन्य कुनै कानुन तथा कार्यक्रम संग वाफीयमा वा वाफीयको हद सम्म अमान्य हुनेछ।

अनुसूची - १ ( दफा ३ र ४ सग सम्बन्धीत )

उपाध्यक्ष सग लक्षित  कार्यक्रम सञ्चालनको लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना को ढाँचा

म्याग्दे  गाउपालीका उपाध्यक्ष सग लक्षित  कार्यक्रम सञ्चालनको लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०७८।  ।

यस कार्यालयको आ.व. २०७८।०७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार स्थानिय व्यक्ती समुह सस्था हरुलाई कार्यकम र व्यवसायको माध्यम वाट क्षमता विकाश तथा जिवनस्तर प्रर्वद्धन गर्ने कार्यक्रम रहेको हुँदा इच्छुक १८ देखी ५० वर्ष उमेरका अर्ध वेरोजगार/बेरोजगार यस गाउँपालिकामा स्थायी वसोवास गर्ने स्थानिय नागरीकहरु तथा विभिन्न  समुहगत, सस्थागत तथा व्यक्तीगत  रुपमा दफा ३ र ४ को परिधि भित्र रही निवेदन पेश गर्ने गरी यो सुचना प्रकाशित गरिएको छ। यो सुचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन भित्र तोकिएको ढाँचा अनुसारको आवेदन फाराममा दरखास्त दिनुपर्नेछ। पुनश्चः आवेदन साथ तपशिल अनुसारका कागजातहरु संलग्न राख्न समेत यसै सुचना द्धारा सुचित गरिन्छ।

१. अनुसुची २ अनुसारको आवेदन फाराम

२. अनुसुची ३ अनुसारको संक्षिप्त कार्ययोजना

३. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि

४. अन्य प्रमाणित प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता, अनुभव, सस्था दर्ता प्रमाण पत्र आदी ) को प्रतिलिपिहरु

५. कार्यविधि गाउँपालिकाको वेवसाईट :मा हेर्न सकिनेछ।

६. थप जानकारीका लागि सम्पर्क : ९८५६०६३१०८ /९८५६०६०५३६/९८४६०५५०७४

नोट : यस सुचनामा उल्लेख भए वाहेकका विषयमा प्रचलित कानुन र गाउँ कार्यपालिकको निर्णय वमोजिम हुनेछ।

अनुसूची - २

उपाध्यक्ष सग लक्षित कार्यक्रम सञ्चालन को लागी दिईने आवेदन पत्र

श्रीमान उपाध्यक्ष ज्यु मार्फत श्रीमान् प्रमुख प्रशासकिय अधिकृत ज्यु,
म्याग्दे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छाङ तनहु

विषय : कार्यक्रम को अनुदान सहयोग उपलब्ध गराईदिने वारे ।

महोदय,

मलाई हामी लाई उपाध्यक्ष सग लक्षित कार्यक्रम अनुदान सहयोग प्राप्त गरी ........................................ कार्य गर्न तिव्र ईच्छा भएकोले निम्नानुसार कागजात राखी निवेदन गर्दछु । छौ मैले हामीले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार सम्वन्धीत गाउँपालिका भित्रै रही कार्य गर्नेछु / गर्नेछौ पुनश्च : तपशिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु / गर्दछौ

तपशिल :

१. अनुसुची ३ अनुसारको संक्षिप्त कार्ययोजना
२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
३. गर्न चाहेको कार्यक्रम तथा पेशा व्यवसाय सम्वन्धीत निकायामा दर्ता भएको प्रमाणको प्रतिलिपि
४. अन्य प्रमाणित प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता, अनुभव, दर्ता प्रमाण पत्र आदी ) को प्रतिलिपिहरु
५. वैदेशिक रोजगारबाट फर्केका युवाहरुको हकमा पासपोर्टको प्रतिलिपि
६. कार्यकम तथा ब्यबसायको आवश्यक्ता अनुसार को आर्थिक तथा प्राविधिक प्रस्ताव
७. पर्यावरणिय असरको न्युनिकरण गर्ने उपाय र जैविक सुरक्षा सम्वन्धी विवरण
८. कार्यक्रम कार्यन्वयन गर्ने प्रतिवद्धता

निवेदक
नाम :
दस्तखतः
ठेगाना :
सग्लग्न सख्या

अनुसुचि ३

उपाध्यक्ष सग लक्षित कार्यक्रम अर्न्तगत गरिने संक्षिप्त कार्यक्रम तथा व्यावसायिक कार्ययोजना :

गर्न चाहेको कार्यक्रम को नाम : सम्पर्क नम्वर :

ठेगाना : म्याग्दे गाउँपालिका वडा नं. ........... टोल : ..............................

पेशा/व्यवसाय तथा कार्यक्रम गरिने स्थान :

कार्यक्रम तथा व्यवसायीक रुपमा गरिने कार्यक्रम तथा पेशा/व्यवसायको कार्यविवरण :

| क्र.स. | संचालन गरिने क्रियाकलाप | अपेक्षित अनुदान सहयोग (रु.) तथा जिन्सी सहयोग | निजि लगानी (रु.) | जम्मा लगानी (रु.) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

कार्यक्रम तथा पेशा व्यवसाय गर्ने ले न्युनतम अनुदान रकम बरावरको रकम प्रस्तावित योजनामा समावेस गर्नुपर्नेछ ।

१. कार्यक्रम तथा व्यवसाय विगत कति वर्षदेखि निरन्तर गरिरहेको हो : वर्ष ...................... महिना ....................

२. कार्यक्रम तथा पेशा/व्यवासयाको किसिम :

३.कार्यक्रम तथा पेशा/व्यवसायको कुल लागत :

४.कार्यक्रम तथा पेशा/व्यवसायवाट लाभान्वित परिवार संख्या :

५. कार्यक्रम तथा पेशा/व्यवसाय गरीने स्थान :

६. कार्यक्रम तथा पेशा/व्यवसायमा प्रयोग हुने प्रविधि :

७.कार्यक्रम तथा पेशा/व्यवसायको लागि श्रमको व्यवस्थापन :

क. पारिवारिक : महिला संख्या : ................., पुरुष संख्या : ..............

ख. वाहिरवाट : महिला संख्या : ................., पुरुष संख्या : ..............

१० उपाध्यक्ष सग लक्षित कार्यक्रम को अनुदान प्राप्त गर्ने तर्फबाट सहि गर्ने :

नामः संस्थाको छाप :

दस्तखत : मिति :

अनुसूची - ४

## उपाध्यक्ष सग लक्षित कार्यक्रम संचाालनको लागि गरिने सम्झौता-पत्र :

म्याग्दे गाउँपालिका मार्फत संचालन गरिने चालु आ.व. ०७८।०७९ को स्वीकृत उपाध्यक्ष सग लक्षित कार्यक्रम संचालन गर्ने म्याग्दे गाउँ कार्यपालिकाको कार्यालय (यस भन्दा पछाडी पहिलो पक्ष भनिने), विशिष्टताको आधारमा छनौट भएका समुह समिति तथा ब्यक्ती श्री/सुश्री/श्रीमती ............................................. (यस भन्दा पछाडी दोश्रो पक्ष भनिने) बीच तपसिलका कार्यक्रम तथा पेशा ब्यबसाय संचालनका लागी द्विपक्षिय सम्झौता गरी बुझिलियौं/दियौं ।

१. योजना तथा कार्यक्रम को नाम , उद्धेश्य लाभान्वीत जनसख्या

२. दोश्रो पक्षले पहिलो पक्षबाट आफुले गर्ने कार्यक्रम तथा ब्यवसाय गर्न को लागि अवलम्वन गर्ने पेशा व्यवसायको लागि आवश्यक प्राविधिक जानकारी प्राप्त गरी आफूले आवेदन गरे अनुसारको .................................................... कार्यक्रम तथा व्यवसाय सञ्चालन गर्नेछ ।

३. लागत रकम गाउपालीका वाट रु उपभोक्ता वा सस्था वाट रु

४. कार्य शुरु हुने अवधि मिति २०७८। । कार्य सम्पन्न हुने अवधि २०७९ । ।

५. यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

| पहिलो पक्ष | दोश्रो पक्ष |
|---|---|
| म्याग्दे गाउँपालिका को तर्फबाट सहि | ब्यबसाय तथा कार्यकम गर्ने को सहि |
| नाम : | नाम थर |
| पद : उपाध्यक्ष | पद तथा भुमीका |
| सम्पर्क फोन नं.: | |
| कार्यालयको छाप : | सम्पर्क फोन न : |

अनुसुची-५

## उपाध्यक्ष सग लक्षित कार्यक्रम छनौट गर्दा अपनाईने मुल्यांकनका आधारहरु :

| क्र.स. | द.नं. | आवेदक व्यक्ती सस्था तथा समुह को नाम | ठेगाना | प्रस्तावित कार्य योजना (२०) | कार्यक्रम तथा पेशा, व्यवसायको सम्भाव्यता/उपयुक्तता (२०) | उपाध्यक्ष ले उपयुक्त ठह्रर्या वापत को (३०) | लक्षित वर्ग (१०) | अति गरीव तथा दलित (१०) | जैविक तथा पर्यावरणिय सुरक्षा विधि (१०) | कुल प्राप्तांक (१००) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |

मुल्यांकन समितिका पदाधिकारीहरुको :

नाम थर :
पद : शिक्षा शाखा प्रमुख
दस्तखत :
मिति :

नाम थर :
पद : लेखा अधिकृत छैटौ
दस्तखत :
मिति :

नाम थर :
पद : ई.
दस्तखत :
मिति :

नाम थर :
पद : प्रशासन शाखा प्रमुख
दस्तखत :
मिति :

अनुसूची - ६

उपाध्यक्ष सग लक्षित कार्यक्रमबाट अनुदान प्राप्त गर्ने व्यक्ती, सस्था, समुहले पठाउने प्रगती फारामको ढाँचा

१. सञ्चालीत कार्यकम तर्फ

नाम :

ठेगाना :

२. सञ्चालित व्यवसाय तर्फ

नाम :

ठेगाना :

३. आ.व. : ०७८।०७९

४. प्रगति प्रतिवेदन अवधि :

| क.स. | कार्य विवरण | लक्ष्य | भौतिक प्रगति | वितिय प्रगती | आईपरेका वाधा तथा समाधान का सुझावहरु |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

व्यक्तीगत समुहगत सस्थागत रुपमा भएका उपलब्धीहरु

१. ......................... २. ..................................... ३. ..........................................

व्यवसाय तथा कार्यकम गर्ने को नाम :

दस्तखत :

मिति :

ठेगाना